ネパール語版　(2024)

# तपाई कस्तो
# उच्च माध्यामिक विद्यालय रोज्न चाहनु हुन्छ।
# あなたはどの高校を選びますか

## संशोधित (परिमार्जीत) संस्करण

改訂版

हयोगो अन्चल शिक्षा बिकास बोर्ड

兵庫県教育委員会

हयोगो प्रिफेक्चर, प्रत्येक विद्यार्थीको व्यक्तित्व र क्षमता विकास हुने शिक्षा प्रदान गर्न, बिद्यालयहरु धेरै प्रयासरत छन्। त्यसैले स्तरीय शिक्षा प्राप्त गराउनको लागी आकर्षक उच्च माद्यामिक विद्यालयहरूको निर्माण तथा प्रवर्द्धन गराउन सक्रिय रूपमा लागि परेका छौ । साधाहर फ्याल्टीज (कोर्ष) र स्पेसल फ्याकल्टीजहरूको विशिष्टतालाई प्रवर्द्धन गर्नुका साथै, विभिन्न कफ्याल्टीज वा लेवल र नयाँ व्यावसायिक उच्च विद्यालयहरूको स्थापना कार्यान्वयन गरि, विद्यालय छनोटहरूको दायरा विस्तार गर्दैछौं।

यसले , तपाईंहरुलाई , आवेदन दिन सक्ने प्रिफेक्चरमा भएको, प्रिफेक्चरल हाई स्कूलहरू र नगर निर्मित हाई स्कूलहरूको परिचय, पाठ्यक्रम विभागको विशेषताहरू, र भर्ना छनोट प्रणाली सिकाउने, सिक्न चाहाने कुरा वा बिद्यालय छान्न, काम लाग्नेछ .. साथै, तपाईंले प्रत्येक हाई स्कूलको बारेमा जानकारी वेबसाइटमा पनि खोज्न सक्नुहुनेछ।

## उच्च मध्यामिक बिद्यालय भनेको के हो ?

### पाठ्यक्रम

विद्यालयमा पढाउने समय र सिकाइ शैलीको आधारमा , पुरा समय पढाउने , दिउसो र रातीको 2 सिफ्टमा पढाउने, बिहान, दिउसो, बेलुका 3 सिफ्टमा पढाउने र अनलाईन बाट पढाउने विद्यालय गरी, पाठ्यक्रम वा कोर्षहरुको आधारमा विभाजन गरिएको छ।

## पुरा समय पढाउने/2सिफ्टमा पढाउने/3सिफ्टमा पढाउने/अनलाईन बाट पढाउने

### पुरा दिन पढाउने दिउसोको स्कुल (साधाहरण स्कुल 8:30 ～16:00)

दिनभरि कक्षा वा विद्यालयका क्रियाकलाप, क्लबको गतिविधि र अन्य शैक्षिक गतिविधिहरू सञ्चालन गरिन्छ। साथै प्रत्येक हाई स्कूलको विशेषता अनुसार समय तालिका र कक्षाको स्वरूप बनाउन मेहेनत गराइन्छ।

### 2 सिफ्टमा पढाउने स्कुल

दिन र रातको विशेष समयमा 2 सिफ्ट सञ्चालन गरिन्छ। दिउँसोको नियमित कक्षाहरू १:०० देखि ४:०० बजे र साँझको सिफ्टमा ५:०० बजे देखि ९ बजेसम्म पढ्न सक्ने सुबिदा रहेको छ।

### 3 सिफ्टमा पढाउने स्कुल

बिहान (सिफ्ट १), दिउँसो (सिफ्ट २), र बेलुका (सिफ्ट ३) गरि तीन सिफ्टहरू छन्: विद्यार्थीहरूलाई कुनै एक सिफ्टमा समाबेश गरि अध्ययन गराइनेछ। प्रत्येकले आफ्नो जीवनशैली अनुरूप सिफ्टहरूमा आफ्नै अध्ययन तालिका बनाइ, पढ्न पनि सक्नुहुनेछ ।

### अनलाईन बाट पढाउने स्कुल

अनलाईन शिक्षा नीति मार्फत, शैक्षिक गतिविधिहरू सञ्चालन गरिन्छ। विद्यार्थीहरूले बुझाउनु पर्ने प्रतिवेदन रिपोर्ट र वर्षभरि को लागि तोकिएका विद्यालय सत्रहरू (जस्तै, कक्षाकोठा मै उपस्थित भै शिक्षकबाट प्रत्यक्ष कक्षा लिने ) आदी गरि आफु उतीर्ण हुने अंकहरु प्राप्त गर्न सकिनेछ ।

# कोर्षहरु

प्रत्येक पाठ्यक्रममा, अध्ययन गरिने बिषय वस्तु अनुसार, सामान्य कोर्ष , बिभित कोर्ष, पेशागत शिक्षामा केन्द्रित पाठ्यक्रमहरू (व्यावसायिक पाठ्यक्रमहरू), र विशिष्ट विशेषताहरू भएका विशेष कोर्षहरू तयार परिएका हुन्छन्।

## साधाहरण कोर्ष ／बिभित कोर्ष ／स्पेसल कोर्ष

### साधाहरण कोर्ष

सामान्य कोर्षमा, विद्यार्थीहरूले मुख्यतया जापानी, भूगोल, इतिहास, नागरिक शास्त्र, गणित, विज्ञान र अंग्रेजी जस्ता विषयहरू अध्ययन गर्छन्। विद्यार्थीहरूलाई आफ्नो करियर बनाउन र रुचि अनुसार व्यवस्थित रूपमा विषयहरू छनौट गर्न अनुमति दिन, केही उच्च विद्यालयहरूले मानविकी, विज्ञान, कला, जीव विज्ञान, समाज कल्याण र शिक्षा शास्त्र जस्ता बिषेस प्रकारका कोर्षहरु भएका उच्च विद्यालयहरू पनि छन्।

यसको अतिरिक्त, प्रकृती नहेरी, सिकाइको आवस्यकता हेरी दायरा विस्तार गर्न, ״सूचना प्रशोधन" र "समाज कल्याणका आधारभूत कुराहरू", विशेष विषयहरू सहित ऐच्छिक विषयहरूको दायरा विस्तार गरि, इच्छीक बिषय हरुको दाएर उपलब्ध छ।

यसबाहेक, केही स्थानीय अवस्था र विद्यार्थीहरूको पढ्ने कोर्षको आवश्यकताहरूलाई ध्यानमा राख्दै विभिन्न क्षेत्र र क्षेत्रहरूको अध्यनहरू समावेश गर्दछ। अन्तर्राष्ट्रिय संस्कृति, प्राकृतिक विज्ञान, स्वास्थ्य र कल्याण, र सामान्य मानव अध्ययनका पाठ्यक्रम कोर्षहरू प्रदान गर्छन्

### बिभित कोर्ष

बिभित कोर्षमा, विद्यार्थीहरूले आफ्नो रुचि, चासो र करियर बन्न चाहाने आकांक्षा अनुसार सामान्य र विशेष दुवै विषयहरू छनौट गर्न र अध्ययन गर्न सक्छन्।

भविष्यको पेशा र जीवनशैलीको बारेमा सोच्ने, प्रकृतिका बिषयहरु "उद्योग, समाज र मानवता" लगायत विभिन्न विषयहरूको अध्ययन सुरुवात गरि, आफ्नो करियर मार्ग र त्यस संग सम्बन्धित ज्ञानको बारेमा जागरूकता विकास गराइन्छ।

विभिन्न ऐच्छिक विषयहरूलाई "फ्याकल्टी" अनुसार समूहहरूमा विभाजन गरि, प्रत्येक हाई स्कूलमा धेरै बिशेष कोर्सहरू राखिएका हुन्छन्।

### पेशागत ज्ञान को मुख्य कोर्ष （पेशागत कोर्ष）

कृषि, उद्योग र वाणिज्य जस्ता विभिन्न क्षेत्रहरूमा विशेषज्ञ बन्ने, उद्देश्यले विशेष कोर्षहरुमा अध्ययन गराइन्छ। बायोटेक्नोलोजी र कम्प्युटर जस्ता धेरै अत्याधुनिक विषयहरू समाबेश छन्। साथै, इन्जीनियर, लेखापाल, सुचना संबाद तथा प्रशोधन,जस्ता विशेष क्षेत्रको योग्यता अनुसार सर्टिफिकेट पनि प्राप्त गर्न सकिने छ ।

### विशेष स्पेसल कोर्षहरू

व्यावसायिक कोर्षको अतिरिक्त, प्रत्येक व्यतिको व्यक्तित्वलाई आधार मानि, विभिन्न विशेष पाठ्यक्रमहरूको व्यवस्था गराइएका छन्। खेलकुद, कला, विज्ञान र प्रकोप रोकथाम जस्ता विभिन्न क्षेत्रहरूमा विशेष सीप र ज्ञान प्राप्त गरेर भविष्यमा समाजका विभिन्न क्षेत्रमा सक्रिय भूमिका खेल्न सक्ने प्रतिभाशाली व्यक्तिहरूको विकास गराईन्छ।

**लेवेल प्रणाली (युनिट सिस्टम)**

प्रत्येक कक्षाको लागि लेवेल मिल्ने प्रणाली बनाई, ठुलो कक्षामा अगाडि बढ्ने सकिने प्रणालीको व्यवस्था थप गरि, मिति १९९४ देखि नयाँ ग्रेडिंग प्रणाली आवस्यकता देखिएकाले, थप लचिलो सिकाइ सिस्टम लागू गरिएको छ।

"लेवेल वा ग्रेडिंग प्रणाली" भनेको शैक्षिक कृयाकलापको सिकाइ र गराईको मात्रालाई जनाउने एक मापदण्ड हो, र यो तोकिएको समय कक्षामा उपस्थितिमा निरन्तरता दिएर, हाई स्कूलले तोकेको उपस्थिति र ग्रेड आवश्यकताहरू पूरा गराइ प्रदान गरिन्छ। यसलाई "लेवेल वा ग्रेडिंग छुट सुविदा प्रणाली" भनिन्छ। कक्षा नछुट्याई हाई स्कूलहरूको आवश्यक लेवल प्राप्त गराइ स्नातक गर्न अनुमति दिइन्छ। साथै सामान्य अध्ययन विभागले पनि यस प्रणाली लाई स्वीकार गरेका छन् ।

**निमाबी देखि उच्च मा.बी सम्म एकै ठाउँमा पढाई हुने स्कुल**

निमाबी र उच्च मा.बी स्कूललाई जोडी, ६ वर्ष लचिलो शैक्षिक गतिविधिहरू मार्फत विद्यार्थीहरूको व्यक्तित्व र रचनात्मकता विकास गर्ने लक्ष्य राखेको छ। निमाबी र उच्च माबी स्कूलहरूमा: १) " उच्च माध्यमिक विद्यालय" जसले एकै विद्यालयमा जुनियर र सिनियर हाई स्कूलको एकै ठाउमा राखी शिक्षा प्रदान गर्दछ(निमाबी र उच्च माबी), २) " जुनियर र सिनियर हाई स्कूलहरू" जसले एउटै संस्था द्वारा सञ्चालित जुनियर र सिनियर हाई स्कूलहरूलाई जोडेर माध्यमिक विद्यालय जाने तयारी गराइ पठाउने शिक्षा प्रदान गर्दछ।(संयुक्त निमाबी र हाई स्कूल) र ३) अवस्थित सिटी वा सिटीका जुनियर र उच्च विद्यालयहरूद्वारा पाठ्यक्रमको समायोजनमा सहयोग र शिक्षक र विद्यार्थीहरू बीचको आदान प्रदानलाई गहिरो बनाएर लागू गरिन्छ।(लिङ्क गरिएको निमाबी र उच्च माबी) (निमाबी र उच्च माबी) आसिया अन्तर्राष्ट्रिय माध्यमिक विद्यालय (उच्च मा.बीमा विद्यार्थीहरूको छनोट प्रक्रिया छैन)

(संयुक्त निमाबी र हाई स्कूल) प्रिफेक्चरल विश्वविद्यालय सम्बन्धित जुनियर हाई स्कूल र प्रिफेक्चरल विश्वविद्यालय सम्बन्धित निर्मित हाई स्कूल (लिङ्क गरिएको निमाबी र उच्च माबी हरू) आओगाकी जुनियर हाई स्कूल, हिकामी जुनियर हाई स्कूल र हिकामी निशी हाई स्कूल, चिकुसा जुनियर हाई स्कूल र चिकुसा हाई स्कूल

# बिहानको, उच्च माबी छनौट !

## स्कुल जान पाउने क्षेत्र बारे

**आकर्षक उच्च माध्यमिक विद्यालयहरूको निर्माणलाई अझ प्रवर्द्धन र विकास गर्नेछौं। तपाईंलाई उच्च माध्यमिक विद्यालयका विभिन्न विकल्पहरू प्रदान गर्न, सरकारीस्तरको उच्च माबीहरु, दिन भरि पढाईने नर्मल (लेवेल वा ग्रेडिंग प्रणाली पनि समाबेश) स्कुल, विभिन्न कोर्षहरु पढ्न जाने क्षेत्र , मिति २०१५ प्रवेश परीक्षाबाट ५ ओटा भयो ! सामान्य कोर्ष(लेबल प्रणाली) र विशेष विभिन्न कोर्षको सिफारिस द्वारा भर्ना, पेशागत कोर्ष(व्यावसायिक शिक्षा र अवासेक स्पेसल विभागहरूमा केन्द्रित विभागहरू)**

**2सिफ्टमा पढाउने/3सिफ्टमा पढाउने /अनलाईन बाट पढाउने प्रायजसो प्रिफेक्चर भरि अवस्थित जुनै पनि ठाउँ बाट आवेदनहरू दिन सकिन्छ।**



## विद्यार्थी भर्ना छनोट बारे

साधाहरण कोर्ष **(लेवेल प्रणाली कोर्ष सहित)**लक्षित व्यक्तिहरु ※(लिङ्क गरिएको निमाबी र उच्च माबीहरू बाहेक)

| | |
|---|---|
| फेब्रुअरी मा कार्यान्वयन हुने | ○विशेषताहरूको आधारमा चयन दिन भरिको कोर्ष (युनिट प्रणाली बाहेक) मा विशेषता अनुसारको अन्तरबार्ता • छोटो निबन्ध लेखन आदी (आवस्यक मेम्बर टोटलको 20%सम्म (अधिकतम ४० जना))<br>○सिफारिसका आधारमा भर्ना दिन भरिको कोर्ष (युनिट प्रणाली) : अन्तर्वार्ता • योग्यता परीक्षण, आदि। (आवस्यक मेम्बर टोटलको 50%)<br>※विशेषताहरूको आधारमा, कोर्स नगर भित्रको स्कूलमा लिन सकिन्छ।<br>※दिन भरिको कोर्ष (युनिट प्रणाली) प्रिफेक्चरको जुनसुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ<br>※इएसिमा हाई स्कूल र इकुनो हाई स्कूल प्रिफेक्चर भरि बाट, मुराओका हाई स्कूल पुरै जापान बाट, भर्ती कोटाको ५०% सम्म , साथै विशेष छनोट प्रक्रिया सञ्चालन गरिनेछ। |
| मार्च मा कार्यान्वयन हुने | ○शैक्षिक क्षमता परीक्षण स्कूल जिल्ला भित्र नै परिक्षा दिन सकिन्छ<br>बिभिन्न आवेदकहरूको चयन |

**विभिन्न विशेषताहरूको आधारमा भर्ना छनोट**

पुरा दिन पढ्ने सार्वजनिक विद्यालयहरू (युनिट प्रणाली सहित) र विभिन्न कोर्ष भएको उच्च विद्यालयहरू लागू गरिनेछ। (लिङ्क गरिएको निमाबी र उच्च माबी हरू समाबेश हुने छैन)

- आफ्नो व्यक्तित्व र क्षमताको आधारमा उच्च माध्यमिक विद्यालय छनौट गरि, एक वा दुई विद्यालयहरूमा आवेदन दिन सक्नुहुन्छ।。
- आवेदकहरूको पहिलो रोजाइको विद्यालय जना सहयोगको लागी, भर्ना गर्ने वा नगर्ने निर्णय गर्दा पहिलो रोजाइको विद्यालयमा निश्चित संख्यामा थप गरि, निर्णय गरिने छ।
- बिभित अध्ययन कोर्षमा आवेदन दिन चाहनु हुन्छ भने, शैक्षिक क्षमता परीक्षणको लागि निम्न विषयहरू मध्ये एउटा छनौट गर्न सक्नुहुन्छ: संगीत, कला, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि, घर बिज्ञान आदी चार विषयहरू मध्ये, एउटा विषयलाई प्राक्टिकल परीक्षाले बदल्न सक्नुहुन्छ।

## बिभित कोर्ष लिन चाहाने व्यक्तिहरु

| | |
|---|---|
| फेब्रुअरीमा कार्यान्वयन हुने | ○सिफारिसका आधारमा भर्ना प्रिफेक्चर भरिको जुनसुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ<br>अन्तर्वार्ता • योग्यता परीक्षण, आदि। (आवस्यक मेम्बर टोटलको 50%) |
| मार्चमा कार्यान्वयन हुने | ○शैक्षिक क्षमता परीक्षण स्कूल जिल्लाको भित्र नै परिक्षा दिन सकिन्छ<br>बिभिन्न आवेदकहरूको चयन |

बिभित अध्ययन कोर्षको छनोट प्रक्रियामा, भर्ना कोटाको ५०% सिफारिस द्वारा तय गरिनेछ। सिफारिस गरिएको भर्नाको स्कूल हरु पुरै प्रिफेक्चर हो। सिफारिस गरिएका विद्यार्थीहरू बाहेक बाँकी कोटाको मूल्याङ्कन, उच्च माबी रहेको स्कूल नगरले शैक्षिक क्षमता परीक्षण (आवेदक छनोट) मार्फत गर्नेछ।

**शिप सम्बन्धि कोर्ष (ब्यबसाइक शिक्षा (पेशागत कोर्ष )) • बिशेष शिप कोर्ष) मा जान चाहाने व्यक्ति**

| | |
|---|---|
| फेब्रुअरीमा कार्यान्वयन हुने | ○सिफारिसका आधारमा भर्ना प्रिफेक्चर भरिको जुनसुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ<br>अन्तर्वार्ता •लिखित परीक्षण ।<br>(पेशागत कोर्ष अवासेक माग टोटलको 50%), बिशेष शिप कोर्ष आवस्यक माग 100%)<br>※तर 、पेशागत कोर्षमा, तलको ठाउँहरुमा, आवस्यक माग１００%<br>कोबे कमर्सियल हाई स्कूल (सूचना, लेखा), आकाशी म्युनिसिपल कमर्सियल हाई स्कूल (अन्तर्राष्ट्रिय लेखा),हिमेजी इन्डस्ट्रियल कलेज (इलेक्ट्रोनिक्स मेसिनरी), हिमेजी बिजनेस कलेज (सूचना विज्ञान),मुको-सो व्यापक (कल्याणकारी अन्वेषण), ताचुनो किता (नर्सिङ, व्यापक कल्याण),हिडाका (नर्सिङ, कल्याण) |
| मार्चमा कार्यान्वयन हुने | ○शैक्षिक क्षमता परीक्षण प्रिफेक्चर भरिको जुनसुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ<br>व्यक्तिगत छनोट ※ उम्मेदवारहरूलाई विद्यालय-विद्यालयको आधारमा छनोट गरिनेछ। |

विशेष व्यवसायीक शिपहरूको लागि स्कूलले सम्पूर्ण प्रिफेक्चरलाई समेट्छ। जसमा शैक्षिक क्षमता परीक्षण र सिफारिस प्रवेश परीक्षा दुवै प्रकारका कोर्षहरू छन्, र केही विशेष विशेषता भएका कोर्ष हरु लाई जस्तै गरि, सिफारिस प्रवेश परीक्षा मार्फत आफ्नो भर्ना कोटाको १००% राखेका कोर्ष हरु पनि छन्।

**लिङ्क गरिएको निमाबी र उच्च माबी हरू (हिकामी निशी हाई स्कूल/चिकुसा हाई स्कूल) मा जान चाहाने व्यक्ति**

| | |
|---|---|
| फेब्रुअरीमा कार्यान्वयन हुने | ○सिफारिसका आधारमा भर्ना सम्बन्धित जुनियर हाई स्कूलका विद्यार्थीहरूको लागि सञ्चालन गरिएको<br>अन्तर्वार्ता र योग्यता परीक्षण (भर्ती कोटाको ७५%) |
| मार्चमा कार्यान्वयन हुने | ○शैक्षिक क्षमता परीक्षण प्रिफेक्चर भरिको जुनसुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ<br>व्यक्तिगत छनोट ※ उम्मेदवारहरूलाई विद्यालय-विद्यालयको आधारमा छनोट गरिनेछ। |

सम्बन्धित जुनियर र सिनियर हाई स्कूलहरूमा, ७५% भर्ना हुने विद्यार्थीहरूले जुनियर हाई स्कूलका सिफारिस मार्फत भर्ना हुने छ। साथै भर्ना कोटाबाट सिफारिस प्रवेश परीक्षा उत्तीर्ण गर्नेहरूलाई घटाएपछि बाँकी रहेका विद्यार्थीहरूको संख्या निर्धारण गर्न, शैक्षिक क्षमता परीक्षणहरू सञ्चालन गरिन्छ, हाई स्कूलहरु बाट सफल उम्मेदवारहरू निर्धारण गरिनेछ । परीक्षा प्रिफेक्चरको जुनसुकै ठाउँबाट दिन सकिन्छ।

**2सिफ्टमा पढाउने/3सिफ्टमा पढाउने/अनलाईन बाट पढ्न चाहाने व्यक्ति**

| | |
|---|---|
| फेब्रुअरीमा कार्यान्वयन हुने | **3सिफ्टमा पढाउने ठाउँ** : Ⅰ **लिखित मौखिक परीक्षा** (अन्तर्वार्ता र लिखित ) |
| मार्चमा कार्यान्वयन हुने | **2सिफ्टमा पढाउने ठाउँ** : शैक्षिक क्षमता परीक्षा (५ विषय)<br>**3सिफ्टमा पढाउने ठाउँ** : Ⅱ **शैक्षिक मौखिक परीक्षा**A (शैक्षिक परीक्षण • अन्तर्वार्ता)<br>**अन्लाइनमा पढाउने ठाउँ** : अन्तर्वार्ता |

2सिफ्टमा पढाउने/ 3सिफ्टमा पढाउने/ अनलाईन पढ्न प्रिफेक्चर भरिबाट परिक्षा दिन सकिछ । 2सिफ्टमा पढाउनेठाउमा、छनोटको लागि, शैक्षिक क्षमता परीक्षण (पाँच विषयहरू) तयार गरिन्छ । /3सिफ्टमा पढाउने चयनको लागि, Ⅰ लिखित मौखिक परीक्षा र Ⅱ शैक्षिक मौखिक परीक्षाA छन् ।Ⅰ लिखित मौखिक परीक्षा अन्तर्वार्ता र लिखित गरिन्छ Ⅱ शैक्षिक मौखिक परीक्षाA शैक्षिक उपलब्धि, परीक्षाको विषयवस्तु हेरी विद्यालयले निर्धारण गर्छ। त्यस बाहेक स्थानान्तरण भएर जाने र आउने विद्यार्थीहरूको निर्णय गरिने छ ।Ⅱ शैक्षिक मौखिक परीक्षाB (3महिनाको बीचतिर) र, जुनियर हाई स्कूल पास हुनेहरू, लाई लक्षित Ⅲ शैक्षिक मौखिक परीक्षा (8महिना ) मा पनि गरिन्छ ! अनलाइन पढ्ने हरुका लागि छनोट, अन्तर्वार्ता मार्फत गरिनेछ।

# विदेशी विद्यार्थीहरूको लागि विशेष छनोट कोटा

| | |
|---|---|
| फेब्रुअरीमा कार्यान्वयन हुने | भर्ती हुनसक्ने कोटा　１８जना　（संचालनमा रहेको स्कुल ６ × एक स्कूलमा ３ जना ）<br><br>प्रिफेक्चरल कोबे कोहोकु हाई स्कूल (विभिन्न कोर्ष), प्रिफेक्चरल आशिया हाई स्कूल (युनिट प्रणाली), कोबे सिटी सुमा शोफु हाई स्कूल (बृहत् अध्ययन), प्रिफेक्चरल इटामि किता हाई स्कूल (बृहत् अध्ययन),प्रिफेक्चरल काकोगावामिनमी हाई स्कूल (बृहत् अध्ययन), प्रिफेक्चरल कोडेरा हाई स्कूल(बृहत् अध्ययन)<br>प्रिफेक्चर भरिको जुनसुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ<br>योग्यता परीक्षण (जापानी, गणित, अंग्रेजी) • अन्तर्वार्ता<br>※सिफारिस बाट भर्ना र विशेष छनोटको दिन त्यसै दिन हुनेछ |

प्रिफेक्चरल दिउसोको उच्च माध्यमिक विद्यालयमा मात्रै नभई, पढ्न इच्छुक तर जापान आइपुगेका छैनन् र पर्याप्त जापानी भाषा र बोलचालमा कमी भएका विदेशी विद्यार्थीहरू छन् भने, भर्ना विधिहरू बारे सिकाउना र भर्ना पछि पढाईमा सहयोग प्रदान गर्न, 6 वटा विद्यालयहरूले विशेष छनोट कार्यक्रमहरू लागू गरेका छन् । यदि तपाईं उत्तीर्ण हुनुभएन भने, मार्चमा शैक्षिक क्षमता परीक्षा दिन सक्नुहुन्छ।

आवेदन फारम सम्बन्धी जानकारी,　प्रिफेक्चरल बोर्ड अफ एजुकेशनको हाई स्कूल शिक्षा विभागमा सम्पर्क गर्नुहोस्। साथै छनोट विधिको विवरणको लागि,　प्रत्येक विद्यालयको भर्ती निर्देशिका हेर्नुहोस् (नोभेम्बरको मध्यतिर) पक्का गर्नु होला।

# Q & A

Qपढ्न चाहने स्कूलको बारेमा कसरी खोजी गर्नु हुन्छ ?

Aधेरै स्कुल हरुमा 、６～12महिनामा 「जान चाहेको स्कुल हेर्न जाने कार्यक्रम」गरिने भएकोले, यस अवसरमा, विद्यालय भ्रमण गर्न सक्नुहुन्छ, विशिष्ट र बिशेष शैक्षिक गतिविधिहरुको　साथमा विभिन्न कुराहरु पनि सुन्न सक्नुहुन्छ, र प्राक्टिकल कक्षाहरूमा भाग लिन सक्नुहुन्छ।

साथै 、धेरै जसो स्कुल होमपेजमा हुने भएकोले, स्कूलको बारेमा थप जान्न इन्टरनेट प्रयोग गरि हेर्न सक्नुहुन्छ।

वा प्रिफेक्चरल बोर्ड अफ एजुकेशनको वेबसाइटमा पनि हेर्न सकिन्छ।

https://www2.hyogo-c.ed.jp/hpe/koko/nyuushi/syoukaipamphlet/

सम्पर्क

ह्योगो प्रिफेक्चरल बोर्ड अफ एजुकेशन सचिवालय हाई स्कूल शिक्षा बिभाग

〒670-8567　कोबे सिटी, चुओ वार्ड, शिमोयामाते डोरी ５-10 -1नं　　TEL（078）341-7711

（प्रतिनिधि）